बैठक संख्याः ४/२०८२/०८३

मितिः २०८२/०७/३०

समयः दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | उपेन्द्र यादव | नि. प्रमुख प्रशासकीय अधिकृत | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| १. | प्रेम प्रसाद भट्टराई | | प्रशासकीय अधिकृत | भूमे गाउँपालिकाको कार्यालय |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ४/०८२-८३ मिति २०८२/०७/३० को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

प्रस्तावहरुः

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | |
| २. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| ३. | डिजिटल रणनीति स्वीकृत गर्ने सम्बन्धमा | |
| ४. | सहयोगका लागि अनुरोध गर्ने सम्बन्धमा । | |
| ५. | बालउद्यान निर्माणका लागि विद्यालय छनोट सम्बन्धमा । | |
| ६. | आर्थिक सहयोग सम्बन्धमा । | |

# भूमे गाउँपालिका, रुकुम (पूर्व)

## बैठक सं. ४/०८२-८३ मिति २०८२।०७।३० को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. १:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैठक संख्या ३ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ६ निर्णयहरु मध्ये अधिकांश निर्णय कार्यान्वयन भएको खुसि व्यक्त गर्दै बाँकी निर्णयहरु समेत कार्यान्वयन पनी शिघ्ररुपमा गर्नुपर्ने निश्कर्ष निकालियो ।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा/इकाई/वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

निर्णय नं. ३:

गाउँपालिकाको आर्थिक, सामाजिक, व्यवस्थापकीय तथा समग्र क्षेत्रहरुकमा नविनतम प्रविधिहरुको प्रयोगमार्फत डिजिटल गाउँपालिकको रुपमा स्थापित गर्नको लागि गाउँपालिकाको डिजिटल रणनिति, २०८१ स्वीकृत गरियो ।

निर्णय नं. ४:

भूमे गाउँपालिका वडा नं. ६ स्थित श्री जनजागृती माध्यामिक विद्यालयलाई सूचना प्रविधियुक्त डिजिटल सिकाइ केन्द्र (Digital Learning Hub) को स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि डिप्रोस्क नेपाललाई अनुरोध गर्ने निर्णय गरियो

निर्णय नं. ५:

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा बालउद्यान निर्माण कार्य सञ्चालन गर्न प्रस्ताव पेश गरेका देहायका विद्यालयहरुलाई प्राथमिकीकरणका आधारमा छनोट गर्ने निर्णय गरियो ।

देहायः

१. श्री सरस्वती माध्यामिक विद्यालय, भूमे ८, सिमखोला ।
२. श्री भूमी आधारभुत विद्यालय, भूमे १, रुजिखोला ।
३. श्री आधारभुत विद्यालय, भूमे ५, डालिबाङ ।
४. श्री चैतेछहरा आधारभुत विद्यालय, भूमे ९, पेदी धर्मशाला, चुनबाङ ।

निर्णय नं. ६:

भूमे गाउँपालिका वडा नं. ३ निवासी वर्ष २३ को प्रवेश मल्ल लामो समयदेखी मानसिक रोगले ग्रस्त भइ अमृता फाउण्डेसन, काठमाण्डौ सुधार केन्द्रमा उपचार गरिरहेको र निजको आर्थिक अवस्था कमजोर भइ उपचार खर्च समेत तिर्न नसक्ने अवस्था भइ आर्थिक सहयोगका लागि निवेदन पेश गरेकोमा निजलाई आर्थिक सहयोग स्वरुप रु. ३०,००० (अक्षरुपी रु. तीस हजार मात्र ) गर्ने निर्णय गरियो ।

---

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |